**<u>देहायका प्रस्तावमा देहायमा लेखिए वमोजिम गर्ने :</u>**

१. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको चालु आ.व. २०७४।०७५ को बाँकी अवधिको प्रदेश सरकारको तर्फवाट प्रदेश प्रमुखले प्रदेश सभामा प्रस्तुत गर्ने प्रदेश नं. ७, प्रदेश सरकारको नीति तथा कार्यक्रम स्वीकृत गर्ने सम्वन्धि नं. ६/१-२०७४।१२।२६ को प्रस्तावमा केहि परिमार्जन गरि स्वीकृत गरियो ।

२. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको प्रदेश नं. ७ को सार्वजनिक लिखत प्रमाणिकरण (कार्यविधि) विधेयक तर्जुमाकोलागि सैद्धान्तिक स्वीकृति दिने सम्वन्धि नं. ६/२-२०७४।१२।२६ को प्रस्तावमा लेखिए वमोजिम स्वीकृति दिने ।

३. हालै (२०७४ चैत्र) को खडेरीवाट बैतडी, बाजुरा लगायतका जिल्ला र आसिना बाट अछाम, डोटी लगायतका जिल्लाका किसानहरुको बाली क्षती हुनगएको तथा चट्याङ् समेतका विपद्का घटना घटेका हुँदा प्रदेश नं. ७ का सवै विपद् व्यवस्थापन समितिको तर्फवाट संवद्ध प्रमुख जिल्ला अधिकारी मार्फत खडेरी, असिना एवं चट्याङ्का कारण किसान र व्यक्तिमा पर्न गएको क्षतीको यथार्थ विवरण संकलन गरी सक्दो सहयोग पुऱ्याउन माननीय मुख्यमन्त्री मार्फत प्रस्तुत प्रस्तावलाई स्वीकृत गरियो ।

४. नेपाल सरकारको निर्णयवाट स्थानीय सेवा प्रवाह सम्वन्धी व्यवस्था, २०७४ अनुरुप हाल जिल्ला प्राविधिक कार्यालय खारेजमा परेकोमा प्रदेश सरकारको चालु आर्थिक वर्षको कार्यक्रम संञ्चालन गर्न सो कार्यालय समेत आउदो असारसम्म आवश्यक देखिएको हुदा २०७५ असारसम्म प्रदेश स्थित जिल्ला प्राविधिक कार्यालयलाई निरन्तरता दिन नेपाल सरकार समक्ष अनुरोध गर्ने भनि माननीय मुख्यमन्त्रीबाट प्रस्तुत प्रस्तावलाई स्वीकृत गरियो ।